नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय

# नेपालको रेडको पूर्वाधार तयारी प्रस्ताव

(*Readiness Preparation Proposal (R-PP)*
*REDD*

सन् २०१०-२०१३

# परिचय
## रेडको परिकल्पना

सन् २०१३ सम्म र सो पश्चात् नयाँ संवैधानिक संरचना अन्तर्गत रही नेपालमा वनको दिगो व्यवस्थापनका लागि प्रभावकारी नीतिगत, कानुनी र संस्थागत संरचनाहरुको स्थापना गर्दै, वनमा आश्रित विपन्न र सामाजिक रुपमा पछाडी परेका जनताको जीविकोपार्जनका सवालहरुको सम्बोधन र वन संरक्षण एवं अभिवृद्धिका माध्यमबाट वन विनास र वनक्षयबाट हुने हरितगृह ग्याँस उत्सर्जनको उल्लेखनीय रुपमा कटौती गर्नु नै नेपाल रेड रणनीतिको परिकल्पना हुनेछ ।

## आधारभूत सिद्धान्त

नेपालको वन क्षेत्रका सबै सरोकारवालाहरुले मञ्जुर गरेका तल उल्लेखित निश्चित् आधारभूत सिद्धान्तहरुको आधारमा माथि उल्लेखित परिकल्पना प्राप्तिका लागि R-PP ले नेपालको रेड रणनीतिको निर्माण र कार्यान्वयन गर्ने मार्गचित्र प्रदान गर्नेछ :

- राष्ट्रिय रेड रणनीतिलाई नेपालको समग्र विकास रणनीति र नयाँ संविधानका प्राथमिकतासँग तादात्म्य गराउने ।
- राष्ट्रिय एवं क्षेत्रगत नीति र कार्यक्रमहरु बीचको विरोधाभास घटाई दिगोपनाको सुनिश्चितताका लागि यी क्षेत्रसम्बद्ध जिम्मेवार सरकारी निकायहरु र विभिन्न क्षेत्रहरुका बीच समन्वय अभिवृद्धि गर्ने ।
- नेपालको वन क्षेत्रमा रहेको सरकारी र नागरिक समाजको पहुपक्षीय संलग्नता झल्किने गरी रेडका विभिन्न पक्षहरुमा पनि कृषि, स्थानीय विकास, उर्जा एवं पूर्वाधार क्षेत्रका सरोकारवालाहरु समेतको संलग्नता हुनेगरी बहुसरोकारवालाहरुको सहभागिता सुनिश्चित् गर्ने ।
- रेड रणनीतिको निर्माण र कार्यान्वयन एवं रेडबाट प्राप्त लाभको बाँडफाँटका लागि राष्ट्रिय एवं क्षेत्रीयस्तरमा रहेका विद्यमान बहुसरोकारवाला संस्थाहरुको क्षमता सदुपयोग एवं अभिवृद्धि गर्ने ।
- नेपालको रेड रणनीतिलाई वन श्रोतमा निर्भर रहेका जनताको जीविकोपार्जन अभिवृद्धि गर्ने र गरिवीलाई सम्बोधन गर्ने राष्ट्रिय प्राथमिकतासँग अन्तरसम्बन्धित गर्ने । यसको अर्थ रेड रणनीतिको कार्यान्वयनबाट प्राप्त सह-लाभहरुले नेपालको गरिवी न्यूनिकरण रणनीतिमा सहयोग गर्ने सम्भावना रहेकोछ भन्नु हो ।
- रेड रणनीतिका माध्यमबाट काष्ठ र गैह्काष्ठ वन पैदावारको महत्वका साथै आर्थिक वृद्धि र दिगो विकास, भू तथा जलस्रोत संरक्षण एवं जैविक विविधताको अभिवृद्धिका अतिरिक्त वनबाट प्राप्त हुने वृहद् पारिस्थितिक महत्वहरुको पूर्ण सदुपयोग गर्ने ।
- रेड रणनीति निर्माणका क्रममा प्राथमिकताका साथ वनमाथिको अधिकारसम्बन्धी विषयलाई स्पष्ट गर्दै भू-हकाधिकार र कार्वन स्वामित्वसम्बन्धी अधिकार बीच स्पष्ट सम्बन्ध स्थापित गर्ने ।
- रेडका माध्यमबाट जलवायु परिवर्तन न्यूनिकरणका साथै जलवायु परिवर्तनमा अनुकूलनका लागि वनले खेल्दै आएको महत्वपूर्ण भूमिकालाई मान्यता प्रदान गर्ने ।
- सहभागितामूलक वन व्यवस्थापन र लाभको बाँडफाँटका माध्यमबाट वन संरक्षण एवं अभिवृद्धि तथा वन विनास र वनक्षय नियन्त्रणका लागि नेपालले अन्तर्राष्ट्रियस्तरमा मान्यता प्राप्त गरेको सफलतापूर्ण अनुभवलाई वढवा र विस्तार गर्दै रेडको थप परीक्षणहरुका लागि उत्साह प्रदान गरी तयारी चरणमा प्राप्त अनुभवहरुलाई आदान-प्रदान गर्ने ।
- रेडलाई निकै कम खर्चिलो बनाउन र अवधारणाहरुका बीच तादात्म्यताका लागि नेपालका विकास सझेदारहरुसँग अन्तर्राष्ट्रिय सहयोगको खोजी र समन्वय गर्ने ।

# अवधारणा

यस दस्तावेजमा रेडका सन्दर्भमा र रेडको तयारी चरणमा अवलम्बन गरिने हाम्रो अवधारणा उल्लेखित छ । रेडका रणनीतिक विकल्पहरु र नेपालको प्राथमिकताहरुका सन्दर्भमा छलफलद्वारा सहमतिमा पुग्न नेपालको वन क्षेत्रका विविध तहका सरकारी निकाय, नागरिक समाज र समुदायका सरोकारवालाहरु सँगसँगै अगाडी बढ्नका लागि रेड प्रक्रियाले उल्लेखनीय योगदान गर्दछ भन्ने कुरालाई हामी मान्यता प्रदान गर्दछौं । रेडको सफलताका लागि यो सहमतीय र सहभागितामूलक अवधारणाको निरन्तरता आवश्यक हुनेछ भन्ने कुरालाई स्वीकार गरिएको छ । वन विनास र वनक्षयका लागि जिम्मेवार रहेका निकै चुनौतिपूर्ण कारकतत्व नियन्त्रण गर्ने कार्यका सामु चुनौतिहरु छन् भन्ने कुरालाई स्वीकार गरिएको छ । यद्यपि, यी चुनौतिहरुको सामनाका लागि वहुसरोकारवाला अवधारणाका आधारमा काम गर्न हामी प्रतिवद्ध रहेका छौं ।

वन क्षेत्रका निकाय र विविध तहका सरोकारवालाहरु माझ रेडसम्बन्धी अवधारणाको विकास प्रक्रिया र R-PP तयारी प्रक्रियाले सचेतना र क्षमता विकासमा महत्वपूर्ण योगदान मिलेको छ भन्ने कुरामा पनि हामी विश्वस्त छौं । अन्ततः सन् २०१३ सम्ममा नेपाल रेडका लागि तयारी हुने क्रममा राष्ट्रियस्तरदेखि समुदाय स्तरसम्मका सबै सरोकारवालाहरुको क्षमता अभिवृद्धि र व्यापक सचेतनाका निमित्त यो अवधारणाको निरन्तरता आवश्यक पर्नेछ ।

# कार्यकारी सारांश

नेपालको भू-दृश्य र प्राकृतिक एवं गुणस्तरीय वनले भूस्वरुप, भौतिक र सांस्कृतिक विविधता प्रतिविम्बित गर्दछ भने वन र कृषिका बीच प्रस्तरकलाको जस्तो जटिल सम्बन्ध पनि सिर्जित छ । देशको कूल क्षेत्रफल १४.७८ लाख हेक्टर रहेकोमा सो मध्ये ५.८ लाख हेक्टर (३९.६ प्रतिशत) वन क्षेत्र रहेको छ । जनसंख्या वृद्धि र वन पैदावार तथा भूमिको उच्च मागका कारण आगामी वर्षहरुमा वनमा उच्च चाप पर्न गई वन विनास र वन क्षय बढन सक्छ, जसले गर्दा वनमा आश्रित ठूलो जनसंख्याको जीविकोपार्जन र नेपालको वातावरणीय दिगोपनामा प्रभाव पर्दछ । रेडका माध्यमबाट वन विनास, वनक्षय र वनलाई अन्य प्रयोजनका लागि प्रयोग गर्न दिने कार्य रोकी वन कार्वन अभिवृद्धि गर्न नेपाल सरकार प्रतिवद्ध रहेको छ र यस क्रममा जीविकोपार्जनको सरोकोरलाई पनि उत्तिकै महत्व दिइएको छ ।

नेपाल सरकारले रेड कार्याक्रमको तर्जुमा र कार्यान्वयनका लागि तीन तहको संस्थागत संरचना निर्माण गरेको छ, जस अन्तर्गत उच्च निकायको रुपमा रेडसम्बन्धी बहुपक्षीय तथा बहुसरोकारवाला समन्वय एवं अनुगमन समिति, कार्यान्वयन तहमा रेड कार्यसमूह (RWG) र समन्वयकारी निकायको रुपमा रेड-वन तथा जलवायु परिवर्तन एकाई रहेको छ । यी तीनवटै तहहरु राष्ट्रिय रेड रणनीति र कार्यान्वयन योजना तयारीका लागि सँगसँगै कार्यरत छन् । रेडका सम्पूर्ण प्रक्रियाहरुमा वृहत तहका सरोकारवालाहरुको संलग्नताका लागि रेडसम्बन्धी बहुसरोकारवाला मञ्च स्थापना गरिएको छ । नेपाल राज्य पूनरसंरचनाको प्रक्रियामा रहेकोले यी संस्थागत संरचनाहरुलाई नयाँ संविधान बमोजिम निर्धारण हुने संरचनाहरुमा समायोजन गरिनेछ ।

मे ५, २००९ मा राष्ट्रियस्तरको सचेतना कार्याशाला गोष्ठि आयोजना गरी R-PP तर्जुमाका लागि परामर्श प्रक्रियाको आरम्भ गरिएको थियो । त्यसपछि यससम्बन्धी गोष्ठि र बैठकहरुमा गरी जम्माजम्मी ३,१८० जनासँग रेडसम्बन्धी परामर्श गरिएको थियो । यस क्रममा आदिवासी एवं स्थानीय समुदायहरु, वनमा आश्रित जनताहरु, दलित, महिला, नागरिक समाज, सरकारी निकायहरु, राजनीतिक दलहरु, सञ्चार क्षेत्र, विश्व विद्यालय लगायतका शैक्षिक संस्थाहरु, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, संविधान सभाका सदस्यहरु, परियोजनाहरु, अन्तर्राष्ट्रिय विकास साझेदारहरु र निजी क्षेत्र समेतको संलग्नता रहने गरी राष्ट्रियस्तरमा १७ वटा, क्षेत्रीय/जिल्लास्तरमा १३ वटा र समुदायस्तरमा २७ वटा गरी जम्माजम्मी ५७ वटा गोष्ठिहरु आयोजना गरिएको थियो । त्यस्तै आदिवासी, महिला र दलितहरुलाई मात्र लक्षित गरी ८ वटा गोष्ठिहरु आयोजना गरिएको थियो । विभिन्न प्रचार प्रसार सामग्रीहरुको विकास गरी रेडका बारेमा सचेतना अभिवृद्धिका लागि सदुपयोग गरिएको थियो । यी विभिन्न परामर्श प्रक्रियाका आधारमा R-PP तयार गरिएको थियो । यस दस्तावेजमा सन् २०१० देखि २०१३ सम्म रेडको तयारी चरणमा कार्यान्वयन गरिने एउटा वृहद किसिमको

परामर्श तथा सहभागितात्मक योजना समावेश गरिएको छ, जसमा क्षमता अभिवृद्धि, सचेतना अभिवृद्धि र परामर्शलाई प्रमुख पक्षको रुपमा लिइएको छ ।

प्रारम्भिक विश्लेषणहरुका अनुसार विभिन्न भौगोलिक क्षेत्रमा वन विनास र वन क्षयीकरणका फरक फरक, चुनौतिपूर्ण र विविधतायुक्त कारक तत्वहरु रहेका छन् । यस क्रममा वन विनास र वन क्षयीकरणका ९ वटा प्रत्यक्ष कारक तत्वहरु र कयौं अप्रत्यक्ष कारक तत्वहरु पहिचान भएका छन् ।
अधिकांश अन्तरनिहित कारणहरु वन क्षेत्रको आफ्नै आन्तरिक र बाह्य तत्वको संयोजन स्वरुप सिर्जना भएका छन् । नेपालको अर्थतन्त्र वृद्धिको तह एवं व्यवसायिक विकासको अवस्था र जलसंख्या वृद्धि एवं यसको असमान वितरण, गरिवी र भूमिको अभाव जस्ता समाजिक-आर्थिक तत्वहरु पनि वन विनास र वन क्षयीकरणका अन्तरनिहित कारणहरु हुन् । सुशासन र सांस्कृतिक तत्वहरु पनि वन विनास र वन क्षयका लागि अन्तरसम्बन्धित र प्रत्यक्ष कारक तत्वका रुपमा रहेका छन् । यस विषयका तथ्याङ्क र जानकारीहरु प्रायजसो तयारी अवस्थामा नरहेकोले सो सम्बन्धमा थप तथ्याङ्क तथा जानकारीहरुको खोजी एवं तयारी गरी उजागर गर्नु आवश्यक छ । यस्ता थप जानकारी र विश्लेषणहरुले रेड रणनीतिको विकल्प पहिचानका लागि निकै महत्व राख्दछन् । त्यसैले विभिन्न भौगोलिक क्षेत्रहरुमा वन विनास र वनक्षयका कारणहरु पहिचान गर्नका लागि गहनताका साथ अतिरिक्त (पुरक) विश्लेषणका कार्यहरु गरिने छन् ।

प्राम्भिक रुपमा रेडका रणनीतिक विकल्पहरु पहिचान गर्नका लागि परामर्श प्रक्रियाहरु सम्पन्न भई विकल्पहरु पहिचान भएका छन् । यस्ता मुख्य विकल्पहरु अन्तर्गत नीति र कानूनमा सुधार; वन क्षेत्रमा सुशासनको अभिवृद्धि; प्राविधिक क्षमता र व्यवस्थापकीय अभ्यासमा सुधार; वन तथा गैरवन क्षेत्रमा रोजगारी सृजनाका लागि लगानी; मागमा आधारित भू-उपयोग योजना निर्माण; वन व्यवस्थापन गर्ने हकाधिकार स्थानीय समुदायमा हस्तान्तरण; वन क्षेत्रका विभिन्न सरोकारवालाहरुमा सचेतिकरण; काठको कुशलतापूर्ण उपयोग र वैकल्पिक उर्जासम्बन्धी प्रविधि विकासमा लगानी आदि रहेका छन् । यस बाहेक उर्जा, कृषि र पूर्वाधार विकास आदि पनि निकै महत्वका बहुपक्षीय रणनीति भएकोले वन र यी क्षेत्रहरुका बीच संयुक्त क्रियाकलापहरुको विकास हुनु पर्दछ । आगामी केही वर्षभित्रमा नेपालले रेड रणनीतिको तर्जुमा गर्नेछ । यस कार्यलाई आगामी अन्तरिम योजना (सन् २०१०-२०१२/०१३) मा समेत प्राथमिकता प्राप्त कार्यका रुपमा समावेश गर्ने गरी पहिचान गरिएको वन क्षेत्रको नयाँ राष्ट्रिय रणनीति निर्माण प्रक्रियासँग निकट रुपमा तालमेल खानेगरी अगाडी बढाइने छ । रेड रणनीति निर्माण प्रक्रियालाई खासगरी वन क्षेत्रले गरिवी न्यूनिकरणका लागि पुऱ्याउँदै आएको योगदानलाई मध्यनजर राख्दै नेपालको राष्ट्रिय अनुकुलन कार्ययोजनासँग पनि तालमेल खानेगरी अगाडी बढाइने छ । रेड रणनीति निर्माण प्रक्रियाका क्रममा समुदायस्तरदेखि राष्ट्रियस्तरसम्म बहुसरोकारवालाहरुसँगको परामर्श र महत्वपूर्ण विश्लेषणात्मक समिक्षाका आधारमा प्रस्तावित रणनीतिक विकल्पहरुको छनौट र प्राथमिकिकरण गरिनेछ ।

खासगरी मध्य पहाडमा वन व्यवस्थापनमा समुदायको संलग्नताले वन विनास र वनक्षय घटाउनका लागि उल्लेखनीय योगदान गर्न सक्छ भन्ने कुरा नेपालले प्रदर्शन गरिसकेको छ र यसबाट वन संरक्षण र कार्वन मौज्दात अभिवृद्धिमा पनि उल्लेखनीय योगदान पुग्छ भन्ने कुरा स्पष्ट हुन्छ । वनको सामुदायिक व्यवस्थापन पद्धतिमा सबै व्यवस्थापकीय अधिकार समुदायमा हस्तान्तरण गरिएको छ भने भू-हकाधिकार सरकारमा निहित रहेको हुन्छ । कार्वन अधिकार वनस्रोतमाथिको हकाधिकार र भू-हकाधिकारमा आधारित हुन्छ भन्ने आधारभूत सिद्धान्त नै लागु हुनेछ । R-PP कार्यान्वयनका क्रममा आगामी केही वर्षभित्र नै सबैखाले वन व्यवस्थापन पद्धतिमा कार्वन स्वामित्वको विषयलाई विशेष प्राथमिकताका साथ समाधान गरिनु पर्दछ । त्यसैगरी, रेडको सफलताका लागि यसको लाभलाई स्थानीय तहको समुदायसम्म पुऱ्याउने सुस्पष्ट र कानूनी रुपमा परिभाषित गरिएको लाभको बाँडफाँट पद्धति एउटा महत्वपूर्ण तत्वको रुपमा रहने छ । यस सम्बन्धी स्पष्टताको लागि स्थानीय स्तरदेखि राष्ट्रियस्तरसम्म सरोकारवालाहरुसँग परामर्श, थप अध्ययन र संस्थागत चाँजोपाँजो मिलाउने क्रियाकलापहरु अगाडी बढाइने छ । राष्ट्रिय र क्षेत्रस्तर (Sub-national) गरी दुबै तहमा रेड कार्यान्वयन हुन सक्ने गरी एउटा मिश्रित पद्धति प्रस्ताव गरिएको छ, । यद्यपि, थप परीक्षण, परामर्श र अनुसन्धानका माध्यमबाट यस्तो पद्धतिसम्बन्धी विस्तृत चाँजोपाँजोलाई अन्तिम रुप दिनु आवश्यक छ । यसैगरी नेपालमा रेड-फरेष्ट्रि तथा जलवायु परिवर्तन इकाईले सञ्चालन गर्ने गरी खडा गरिने सार्वजनिक कार्वन दर्ता पद्धतिका आधारमा भुक्तानी र आर्थिक कारेवार हुने किसिमको एउटा अक्षय कोषको ढाँचा पनि प्रस्ताव गरिएको छ । नेपालमा यस विषयमा केही परीक्षण परियोजनाहरु सञ्चालन भईरहेका छन ता पनि यसको कार्यान्वयन संरचना

विकासका लागि यी परीक्षण परियोजनाका नतिजाहरु प्रयाप्त नहुने भएकोले संस्थागत संरचनालाई अन्तिम रुप दिनका लागि संस्थागत संरचना परीक्षण, ढाँचा निर्धारण, नीतिहरुको विकास, अध्ययन र यसका नतिजाहरुलाई संश्लेषण गर्नुपर्ने हुन्छ ।

रेडका रणनैतिक विकल्पहरुको मुख्य धेय हरितगृह ग्याँस उत्सर्जन कटौतिमा योगदान गर्नु, विद्यमान वनक्षेत्रको प्रभावकारी रुपमा संरक्षण गर्नु र वन कार्वन मौज्दात अभिवृद्धि गर्नु रहेको छ । रेडका सकारात्मक फाईदाहरुको सुनिश्चितता गरी नकारात्मक प्रभावहरु हटाउनका साथै खासगरी दलित एवं महिला लगायत आदिवासी एवं वनमा आश्रित स्थानीय समुदायको अधिकार र जीविकोपार्जन सुधारको सुनिशिचतता; जैविक विविधता संरक्षणमा बढवा; सांस्कृतिक सम्पदा संरक्षण; लैङ्गिक समता अभिवृद्धि; क्षमता अभिवृद्धि र वन क्षेत्रमा सुशासनका लागि सामाजिक एवं वातावरणीय रणनैतिक मूल्याङ्कन (SESA) आवश्यक छ ।

वनसम्बन्धी विद्यमान तथ्याङ्कहरुको विश्लेषणका आधारमा भू-श्रोत मापन परियोजना (LRMP) ले तयार गरेको तथ्याङ्क नै नेपालका लागि उपलब्ध वनसम्बन्धी सबै भन्दा वृहत रुपमा विश्लेषण गरिएको तथ्याङ्क हो भन्ने निश्कर्ष निकालिएको छ । फिनल्याण्ड सरकारको सहयोगमा भरखरै मात्र वनश्रोत मापन (FRA) परियोजना शुरु भएको छ । ५ वर्ष (सन् २०१०-२०१४) सम्म सञ्चालन हुने यस परियोजना अन्तर्गत मुलुकभरको वनश्रोत मापनको काम सम्पन्न गरिने छ र यसका आधारमा वनसम्बन्धी राष्ट्रियस्तरको आधारभूत तथ्याङ्क सिर्जना गर्ने योजना रहेको छ । नेपालका निमित्त LRMP का आधारमा सतहको अस्थायी प्रकृतिको जैविक पिण्ड निकाल्न सकिने सम्भावना रहेको छ र यसलाई नेपालको वन क्षेत्र र वनक्षयीकरणको प्रारम्भिक आधार अवस्था निर्धारणका लागि प्रयोग गर्न सकिन्छ । नयाँ मापन र LRMP का बीचको प्रवृत्तिलाई सही रुपमा किटान गर्नका लागि अघि उल्लेखित कुरा सही थियो भन्ने कुरामा निर्धक्क हुन केही तथ्याङ्कहरु थप गर्नुपर्ने पूर्वानुमान गरिएको छ । एउटा छुट्टै अध्ययनका माध्यमबाट यस प्रयोजनका लागि उपयोग गर्ने उपयुक्त तथ्याङ्क पहिचान गरिनेछ र यस क्रममा ऐतिहासिक रुपमा तयार गरिएको दूर सम्बेदन तथ्याङ्क (Remote sensing Data) लाई केहीहदसम्म पूनरवर्गिकरण गर्नु आवश्यक हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

नेपालले सामान्य समतोलन गणकीय (Computable General Equilibrium-CGE) नमूनामा गहन रुपमा निश्चित गर्ने राज्यव्यापी विशेष प्रत्यावृत्त नमूना (Special regression model) विकास गर्ने योजना बनाई रहेको छ । यस किसिमको विशेष प्रत्यावृत्त नमूनाका माध्यमद्वारा GIS मा आधारित LRMP र FRA परियोजनाका जानकारीहरुलाई आर्थिक रुपमा परिवर्तनशील तत्वहरु र स्थिर परिमाणहरुसँग अन्तरसम्बन्धित गर्नका लागि सफलता मिल्नेछ र यसलाई विभिन्न अवस्थाहरुमा कार्वन मौज्दात परिवर्तनको पूर्वानूमान गर्नका लागि प्रयोग गरिन्छ ।

रेडमा सबै तहको योगदानहरुको गणना/मान्यताका लागि र वास्तविक कार्यसम्पादनका आधारमा लाभको समन्यायिक बाँडफाँट गर्नका लागि राष्ट्रिय, क्षेत्रीय/जिल्ला र व्यवस्थापकीय इकाई तहमा एउटा एकिकृत अनुगमन र प्रतिवेदन प्रणालीको विकास गरिनेछ । अनुगमन, प्रतिवेदन प्रणाली र प्रमाणिकरण/सत्यापन (MRV) का लागि नेपालले IPCC को दोस्रो तहको तथ्याङ्कीय पद्धति (Tier II) अवलम्बन गर्ने प्रस्ताव गरेको छ । यसका लागि FRA ले आफ्नो प्रयोजनार्थ विकास गरेको विधिसँग तालमेल खानेगरी नेपालका सबै भौगोलिक क्षेत्र र वनका सबै मुख्य प्रकारहरुको प्रतिनिधित्व हुनेगरी आवधिक रुपमा स्थलगत श्रोत सर्वेक्षण विधि र दूर सम्वेदन विधि समेत गरी दुबै विधिहरुलाई संयुक्त रुपमा प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिनेछ । MRV को ढाँचा निर्धारण र कार्यान्वयन प्रक्रियामा स्पष्ट रुपमा परिभाषित गरिएको भूमिका र दायित्व सहित सरकारी निकायहरु र आदिवासी एवं स्थानीय समुदायहरु सहित गैरसरकारी संस्थाहरु संलग्न हुनेछन् ।

प्रस्तावित MRV प्रणालीको अभिन्न अङ्गको रुपमा केन्द्रिय वन भू-तथ्याङ्क (Central Forest Geo-Database) सहित वनसम्बन्धी राष्ट्रिय सूचना व्यवस्थापन प्रणाली (National Forest Information Management System-NAFIMS) को स्थापना गर्ने प्रस्ताव गरिएको छ । वनसम्बन्धी विशेष किसिमका राज्यव्यापी तथ्याङ्कहरुको सङ्कलन, अभिलेखिकरण, आदान-प्रदान र व्यवस्थापन सम्बन्धी कामको निगरानी वन अनुसन्धान तथा सर्वेक्षण विभागले गर्नेछ ।

R-PP कार्यान्वयनको अनुगमन र मूल्याङ्कनका लागि रेड-फरेष्ट्रि तथा जलवायु परिवर्तन इकाईले समन्वय गर्नेछ । R-PP का सबै भागहरुको कार्यान्वयन अवधि सम्बन्धित भागहरुमा नै उल्लेख गरिएको छ । यसको अनुगमन र मूल्याङ्कनको लागि एउटा खाका विकास गरिएको छ र यसलाई जून, २०१० सम्ममा अन्तिम रुप दिइनेछ ।

R-PP कार्यान्वनयका लागि जम्माजम्मी ७.६५४ लाख अमेरिकी डलर लाग्ने अनुमान गरिएको छ, जुन रकम तल तालिकामा उल्लेख गरिए बमोजिम नेपाल सरकार र विभिन्न दातृ संस्थाहरुबाट जुट्ने अपेक्षा गरिएको छ :

| | |
|---|---|
| नेपाल सरकार | ३३५,००० |
| वन कार्वन साझेदारी सहयोग (FCPF) | ३,५९५,४०० |
| DFID/SDC (नेपाल राष्ट्रिय वन कार्यक्रमका लागि गरिएको प्रतिवद्धता अनुसार प्राप्त हुने अनुदान) | १,४४७,५०० |
| फिनल्याण्ड सरकार (FRA परियोजनाका लागि गरिएको प्रतिवद्धता अनुसार प्राप्त हुने अनुदान) | ७८०,००० |
| JICA (निर्णय हुन बाँकी) | ३६०,००० |
| USAID (निर्णय हुन बाँकी) | १,३६,६०० |
| जम्मा | ७,६५४,५०० |

*नोटः उल्लेखित रकम अमेरिकी डलरमा उल्लेखित छ ।*